हिमालयन ट्राभल मार्टको पाँचौं संस्करण सुरु

काठमाडौं, जेठ २० । नेपालको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय पर्यटन मेला 'हिमालयन ट्राभल मार्ट (एचटीएम)'को पाँचौं संस्करण आजदेखि होटल सोल्टीमा सुरू भएको छ । प्यासिफिक एसिया ट्राभल एसोसिएसन (पाटा) नेपाल च्याप्टर र नेपाल पर्यटन बोर्डले नेपाल एयरलाइन्सलगायत अन्य प्रमुख पर्यटन सङ्ग, संस्था र राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका साझेदार संस्थासँगको सहकार्यमा सो मार्ट आयोजना गरेको हो ।

मार्टमा ३० भन्दा बढी मुलुकका एक सय भन्दा बढी विदेशी पाहुनासहित पर्यटनकर्मी, सरोकारवाला गरी सात सय प्रतिनिधिको सहभागिता छ । यही जेठ २२ सम्म मार्ट सञ्चालन हुने जनाइएको छ । सो मार्टअन्तर्गत आज पहिलो दिन 'माउन्टेन माइलस्टोन र मोमेन्टम' विषयक सम्मेलन आयोजना गरिएको छ । सो सम्मेलनका वक्ताहरूले पर्यटन उद्योगको विकासका लागि एकीकृत प्रयास र अभ्यासका माध्यमबाट अगाडि बढुनुपर्नेमा जोड दिए ।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले नेपालका गन्तव्यलाई विश्वसमुग उजागर गर्दै दिगो पर्यटन विकासका लागि मार्ट उपयोगी हुने बताए । उनले पछिल्लो समय पर्यटनका नयाँ क्षेत्रहरू थपिँदै गएको उल्लेख गरे । 'करिब ३० वर्षअघि नेपालको ग्रामीण क्षेत्र ७० प्रतिशत थियो, तर अहिले यो अनुपात ५०/५० प्रतिशत भएको छ', सीईओ जोशीले भने, 'हामी जति सहरीकरणतर्फ गइरहेका छौं, पर्यटन त्यति नै प्रकृतिमा आधारित बन्दै गएको छ ।'

सम्मेलनमा पाटाका आजीवन सदस्य एन्ड्रियो जोन, पाटा बङ्गलादेश च्याप्टरका अध्यक्ष साहिद हमिद, नायिक निशा अधिकारीले आफ्ना धारणा राखेका थिए । मार्टका संयोजक एवं पाटाका महासचिव नरेन्द्र देव भट्टले अन्तर्राष्ट्रिय स्रोत बजारमा सशक्त सम्बन्ध सञ्जाल स्थापित गराई नेपालको पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले पर्यटन मार्ट आयोजना गरिएको बताए । सन् २०१७ देखि प्रत्येक वर्षको जुन महिनामा आयोजना हुँदै आएको मार्ट नेपालको प्रमुख अन्तर्राष्ट्रिय पर्यटन व्यापार मेला हो । कार्यक्रमले विश्वव्यापी पर्यटन र आतिथ्य संस्था, पेसेवर र उद्योगका विविध क्षेत्रमा संलग्न व्यक्तिबीच सम्पर्क सञ्जाल स्थापित गरी व्यावसायिक अवसर प्रदान गर्ने विश्वास गरिएको महासचिव भट्टको भनाइ छ ।

मार्टअन्तर्गत सञ्चालित सम्मेलनमा २० भन्दा बढी राष्ट्रिय र अन्तर्राष्ट्रिय वक्ताले आध्यात्मिक, साहसिक र 'लक्जरी' पर्यटन, दिगो पर्यटन, समकालीन बजार प्रवृत्ति, वर्तमान मुद्रा र पर्यटनका लागि उदीयमान अवसरबारे साझा दृष्टिकोण प्रदान गर्नेछन् । त्यसैगरी बीटुबी कार्यक्रमअन्तर्गत यसवर्ष माटेले संयुक्त राज्य अमेरिका, युरोप, अष्ट्रेलिया, दक्षिण अफ्रिका, रसिया तथा सीआईएस राष्ट्रबाट ६० भन्दा बढी क्रेता र नेपाल, भारत, भुटान, चीन, बङ्गलादेश र श्रीलंका गरी छवटा गन्तव्य राष्ट्रबाट सहभागी हुने ६५ बढी बिक्रेता सहभागी हुने पाटा नेपालले जनाएको छ । माटेको औपचारिक उद्घाटन भने आज साँझ हुने आयोजकले जनाएको छ ।

काठमाडौंमा युके विश्वविद्यालयसम्बन्धी शैक्षिक कार्यक्रम

■ आर्थिक संवाददाता
काठमाडौं, जेठ २०

काठमाडौंस्थित होटल याक एन्ड यतीमा आयोजित शैक्षिक आदानप्रदान कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ । यस कार्यक्रमा युकेस्थित प्रतिष्ठित विश्वविद्यालय युनिभर्सिटी अफ इस्ट लन्डनको पहलमा नेपालको शैक्षिक परामर्श क्षेत्रका अग्रणी व्यक्तित्वहरू, संस्थागत प्रतिनिधिहरु तथा नीति निर्माताहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा विश्वविद्यालयको तर्फबाट दक्षिण एसिया क्षेत्रका अन्तर्राष्ट्रिय भर्ना उपप्रमुख पावेल बावा, विद्यार्थी भर्ना तथा स्वीकृति निर्देशक स्टेफेनी वाल्टन र नेपाल प्रतिनिधि असीम घिमिरेको उपस्थिति रहेको थियो । नेपालबार रियल ड्रिम्स कन्सल्टेन्सीका प्रबन्ध निर्देशक बसन्त नेपाल, आइनिका अध्यक्ष हेमन्त भट्टाराई, इक्यानका केन्द्रीय अध्यक्ष शेषराज भट्टराई, नेकाका अध्यक्ष उमेश कुषवाहा तथा नेकाका उपाध्यक्ष सन्तोष प्याकुरेलले कार्यक्रमको बारेमा मन्तव्य राखेका थिए।

कार्यक्रमा हालै युके सरकारले सार्वजनिक गरेको श्वेतपत्रको सन्दर्भमा अन्तर्राष्ट्रिय विद्यार्थी आवागमनमा पर्ने प्रभावबारे व्यापक छलफल भएको थियो। नीतिगत परिवर्तनहरू, दीर्घकालीन बसोबास चुनौतीबारेको बुझाइ, नेपाली विद्यार्थीको रूचिमा त्यसको प्रभाव, तथा विद्यार्थीहरूका चिन्ताहरू कसरी सम्बोधन गर्ने भन्ने विषयमा छलफल भएको थियो।

कार्यक्रमको अर्को मुख्य उद्देश्य परामर्श सेवाको गुणस्तर र पारदर्शिता अभिवृद्धि गर्नु रहेको थियो। इक्यान, फिकन, आइनिन, नेका लगायतका संस्थाहरूको भूमिकाबारे पनि गम्भीर चर्चा गरिएको थियो, जसले नैतिक तथा जिम्मेवार विद्यार्थी भर्नामा सघाउ पुऱ्याउने विश्वास गरिएको थियो।

सल्लाहकारहरूमार्फत दिइने जानकारीको शुद्धता, विद्यार्थीको भविष्यप्रतिको मार्गदर्शन, र विश्वविद्यालय-संस्था सहकार्यको सशक्तिकरणसम्बन्धी विषयमा अनुभवी प्रतिनिधिहरूले आफ्ना अनुभव र सल्लाह प्रस्तुत गरेका थिए। कार्यक्रममा खुला छलफल पनि आयोजना गरिएको थियो, जहाँ सहभागीहरूले आ-आफ्ना विचार, अनुभव र सुझावहरू आदानप्रदान गरिएको थियो ।

निर्देशक स्टेफेनी वाल्टनका अनुसार कार्यक्रमका निष्कर्षहरू प्रस्तुत गरिँदै आगामी कार्ययोजना र सहकार्यको सम्भावनाबारे छलफल भएको थियो। सहभागीहरूका अनुसार यस्तो प्रकारको शैक्षिक आदानप्रदान कार्यक्रमले नेपाल-विदेश शैक्षिक सम्बन्धलाई थप सुदृढ बनाउने विश्वास गरिएको थियो ।

धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैक लिमिटेड, नेपालगंज शाखाको ११ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८२/०२/२१ गते)

यस बैकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिएर बैकलाई गरिदिएको कर्जा लिखितहरू तथा कर्जा सेवीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिर्दा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरतामकता गर्दा समेत सोको कुनै वास्ता नगरी नदेइबाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साल जेठ महिना १७ गतेको 'राजधानी' राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकाले हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखित धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा यस बैकको कुनै पनि शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैकको नियमानुसार सो सम्पतिको स्वामित्व बैक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैकले आफै सकार गरेर रहँदा सांविकमा बैकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैकको तिनि नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

ऋणीको नाम र ठेगाना :
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय नेपालगंज, बांकेमा प्राफर.न. २९७८४/०७५/०७६ सम्पूर्ण प्रोपाइट कायम भई मिति २०७५/१९/३० मा दर्ता भएको बांके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १४ स्थित चौहान सेन्टर ।

व्यक्तिगत जमानतकर्ताहरूको विवरण :

१. गोकर्ण लोनियाको छोरी, हरिकेश चौहान (लोनिया)को श्रीमती, बांके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १९ स्थायी ठेगाना भई हाल बांके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १४ बस्ने कुन्ती देवी चौहान ।
२. छोटे लाल लोनियाको छोरी, नरेन्द्र चौहान (लोनिया)को श्रीमती, बांके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १४ बस्ने जानकी देवी चौहान (लोनिया) ।
३. हरि राम लोनियाको छोरी, मोहन लोनियाको श्रीमती, बांके जिल्ला, भवनियापुर गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल बांके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १४ बस्ने जगरानीया लोनिया ।
४. बच्छु लोनियाको नाती, मोहन लोनियाको छोरा, बांके जिल्ला, भवनियापुर गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल बांके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १४ बस्ने हरिकेश चौहान (लोनिया) ।
५. बच्छु लोनियाको नाती, मोहन लोनियाको छोरा, बांके जिल्ला, भवनियापुर गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल बांके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १४ बस्ने नरेन्द्र चौहान (लोनिया) ।

धितो सुरक्षणको विवरण :

जानकी देवी चौहान (लोनिया)को नाममा मालपोत कार्यालय नेपालगंज, बांकेमा दर्ता श्रेस्ता कायम रहेको बांके जिल्ला, भवनीयापुर गा.वि.स/न.पा. वडा नं. ५ स्थित नक्सा सिट नं. ५ को किता नं. २३४ को १८७०९१ ब.मि. क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको अन्य सम्पूर्ण लिग लगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा बन्देजहरू :

१. बोलपत्र आवेदन फारम यस बैकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैकको खाता नं. ००१०१३५१५०००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा यस बैकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा कुनै जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैकको केन्द्रीय कार्यालय नक्साल वा नेपालगंज शाखामा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्याद भित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
९. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
१०. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८२ साल आषाढ महिना १० गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सकुपर्नेछ ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैकमा नै सुरक्षित रहनेछ ।

लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :

मिति : २०८२ साल आषाढ महिना १२ गते ।
स्थान : सानिमा बैक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।
समय : दिनको ३:०० बजे ।

सानिमा बैक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः ९१७७-१-५९७००३३, फ्याक्सः ९१७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

Sindhu Bikash Bank Ltd.
सिन्धु विकास बैंक लि.
नेपाल राष्ट्र बैंकबाट ‘क’ वर्गको इजाजत पत्र प्राप्त संस्था
सधैं.....तपाईसँग

प्रधान कार्यालय- बाह्रबिसे, सिन्धुपाल्चोक, नेपाल ।
कार्पोरेट कार्यालय- बनेपा, काभ्रेपलाञ्चोक ।
फोन नं.: ०११-६६१३४०/४१/४१
Email: info@sindhubank.com.np

धितोमा रहेको वल अचल सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्वान बारे १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०२/२१ गते) आर्थिक राष्ट्रिय दैनिक

यस बैकको शाखा कार्यालय चौतारावाट कर्जा एवं बैकिङ्ग सुविधाहरु उपभोग गरिरहनु भएका देहाय बमोजिमका तपाई ऋणीहरुले कर्जा लिंदा बैंकसंग गरेको ऋण कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गर्नु भएकोले कर्जा नियमित गर्न वा कर्जा चुक्ता भुक्तान गर्न तपाईले लिखित अनुरोध गर्दा कर्जा नियमित नगर्नु भएकोले **ऋणीहरु तारा बहादुर थापा र भूम कुमारी थापालाई मिति** २०८१/११/२१ गतेको दिन अभियान राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिन सार्वजनिक सुचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेको हुनाले सम्बन्धित ऋणी तथा व्यक्तिगत वा धितो जमानी दिनु हुने व्यक्तिहरु समेतको जानकारीको लागि यो प्रथम पटक १५ (पन्ध्र) दिने धितो लिलामीको सुचना **आर्थिक राष्ट्रिय दैनिक** पत्रिकामा प्रकाशित गरिएको छ । अतः उक्त ऋण कर्जाको सम्पूर्ण बक्यौता रकम तथा अन्य देउस्तुर समेत चुक्ता भुक्तानी हुने मिति सम्मको ब्याज, हर्जना रकम समेत फरुयौट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यो धितो लिलामको सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रै तपसिलका ऋणीले अविलम्ब यस बैकमा सम्पर्क राखी उक्त ऋण कर्जाको सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तानी गरि गराई सुरक्षणमा राखिएको आफ्नो सम्पत्तिहरुको संरक्षण गर्नु हुन समेत यसै सुचनाबाट अनुरोध गरिएको छ । यो सुचना समेतको वेवासा गरी उल्लेखित समयावधि भित्र बैंकको सम्पूर्ण रकम चुक्ता फर्छ्यौट नगर्नु भएको खण्डमा तपाई ऋणीलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसुचीमा समाविष्ट गराई कर्जाको सुरक्षण वापत धितोमा रहेको सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानुन बमोजिम यो सुचना प्रकाशित भएको मितिले १६औं (सोह्रौं) दिनमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्तिहरु उल्लेखित मिति र स्थानमा लिलाम बिक्री गरिने हुंदा इच्छुक महानुभावहरु समेतको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकको निर्देशन तथा प्रचलित कानुन बमोजिम अन्य चल अचल जायजेथा श्रीसम्पत्तिवाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिल

१. ऋणीहरुको नाम ठेगाना	धितोको विवरण
१. **ऋणी : तारा बहादुर थापा** ना.प्र.नं : २४२०७५/१०५४८३ जारी मिती : २०५८/०४/०१, सिन्धुपाल्चोक ठेगाना : सानुसिरवारी -१, सिन्धुपाल्चोक बाबु : तेज बहादुर थापा बाजे : अर्जुन बहादुर थापा कर्जाको किसिम : घर कर्जा २. **ऋणी : भुम कुमारी थापा** ना.प्र.नं.: २४३०५२/६२ जारी मिती : २०६३/११/०७, सिन्धुपाल्चोक ठेगाना : सानुसिरवारी -१, सिन्धुपाल्चोक पति : तेज बहादुर थापा ससुरा : अर्जुन बहादुर थापा कर्जाको किसिम : विपन्न वर्ग कर्जा	१. बस्तीलाल थापाको नाती अर्जुन बहादुर थापाको छोरा सानुसिरवारी -१, सिन्धुपाल्चोक बस्ने **श्री तेज बहादुर थापाको** नाममा सिन्धुपाल्चोक जिल्ला मालपोत कार्यालय चौतारा मा दर्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला सानुसिरवारी गा.पा/न.पा. वडा नं. १ स्थित किता नं. ३३५ को क्षेत्रफल १-८-३-२ (रो.आ.पै.दा.) भएको जग्गा र सोही किता नं. ३३५ मा निर्मित ११८८ वर्गफिट भएको २ तले पक्की घर तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत..... ।

व्यक्तिगत जमानी दिनुहुने व्यक्तिहरु

क. **नाम : तेज बहादुर थापा**
ना.प्र.नं.: २७७-८०१
जारी मिती : २०३३/१२/१४ ,सिन्धुपाल्चोक
ठेगाना : सानुसिरवारी -१,सिन्धुपाल्चोक
बाबु: अर्जुन बहादुर थापा
बाजे : बस्तीलाल थापा

ख. **नाम : भुम कुमारी थापा**
ना.प्र.नं.: २४३०५२/६२
जारी मिती : २०६३/११/०७ ,सिन्धुपाल्चोक
ठेगाना : सानुसिरवारी -१, सिन्धुपाल्चोक
पति : तेज बहादुर थापा
ससुरा : अर्जुन बहादुर थापा

ग. **नाम : रविन्द्र थापा**
ना.प्र.नं.: २४१०५२/१४९
जारी मिती : २०६७/०८/१९ ,सिन्धुपाल्चोक
ठेगाना : सानुसिरवारी -१,सिन्धुपाल्चोक
बाबु : तेज बहादुर थापा
बाजे: अर्जुन बहादुर थापा

घ. **नाम : धन कुमारी श्रेष्ठ**
ना.प्र.नं.: २४-०१-८०-००७३९
जारी मिती : २०८०/०१/२५ ,सिन्धुपाल्चोक
ठेगाना : जुगल -५, सिन्धुपाल्चोक
पति : तारा बहादुर थापा
ससुरा : तेज बहादुर थापा

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र आवेदन फारम यस बैंकको कर्पोरेट कार्यालय, बनेपा वा शाखा कार्यालय चौतारावाट रु.१००/-(पछि फिर्ता नहुने गरी) दिनी प्राप्त गर्न सकिनेछ साथै, शिलबन्दी बोलपत्र कर्पोरेट कार्यालय बनेपा वा शाखा कार्यालय चौतारामा मिति २०८२/०३/०४ गते बुधबार कार्यालय समय भित्र पेश गर्नु पर्नेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्टसंग उल्लेख गर्नु पर्नेछ ।
३. माथि उल्लेखित सम्पत्तिहरु जेहा जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार्ने गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।
४. उल्लेखित सम्पत्ति एकमुट्ठ वा छुट्टा-छुट्टै, पूरा वा एक किता पनि कबोल गर्न सकिने छ र आफूले बोलकबोल गरेको सम्पत्तिको विवरण स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
५. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा **१० (दश) प्रतिशत** रकम यस बैंकको खाता नं. "९२१६०६०८००" मा नगद जम्मा गरिएको भौचर वा बैंकको नाममा चिचिएको Good For Payment" चेक शिलबन्दी बोलपत्रको साथै पेश गर्नु पर्नेछ ।
६. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था, भएमा फर्म दर्ता प्रमाणपत्र तथा कर दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।
७. बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा बोलपत्र खोल्ने कार्य हुनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
८. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समयभित्र यस बैंकको चौतारा शाखामा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ ।
९. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले **१५ (पन्ध्र)** दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
१०. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखिल खारेज गर्दा लाग्ने रष्ट्रिशन दस्तुर, सम्पत्ति कर तथा अन्य शुल्क इत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
११. बोलपत्र दाखिल भईसकेपछी बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता दिईने छैन तथा धरौटी रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
१२. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कार्यवाही हुनेछैन ।
१३. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहने छ ।
१४. बोलपत्र सदर वदर हुन अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी विना ब्याज धरौटी रकम फिर्ता दिइनेछ ।
१५. लिलाम बिक्री गर्ने भनिएको उल्लेखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ ।
१६. बोलपत्र यो सुचना प्रकाशित भएको मितिले **१६ औं (सोह्रौं)** दिनको दिन अर्थात मिति **२०८२/०३/०५** गते बिहिवारको दिन (सो दिन सार्वजनिक बिदा भएमा सो को भोलिपल्ट) दिनको ३:०० वजे बैंकको शाखा कार्यालय चौतारामा खोलिनेछ ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२/०३/०४ गते बुधबार कार्यालय समय भित्र कर्पोरेट कार्यालय बनेपा वा शाखा कार्यालय चौतारामा पेश गर्नु पर्नेछ ।
शिलबन्दी बोलपत्र खोल्ने मिति : २०८२/०३/०५ गते बिहिवार (सो दिन सार्वजनिक बिदा भएमा सो को भोलिपल्ट) दिनको ३:०० बजे बैंकको शाखा कार्यालय चौतारामा खोलिनेछ ।

निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

ललित बहादुर खरीकी नातिनी, श्यामलाल खरीकी छोरी, जाजरकोट जिल्ला, बारेकोट गा.पा. वडा नं. ८ बस्ने यस बैंकको खलंगा शाखा कार्यालयको खातावाला धनी खरीको मिति २०८०/०८/२८ मा मृत्यु भएको मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोरी खम्बी बस्नेले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११५ बमोजिम निज निवेदक चाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी सानलेजर, हातीसार, काठमाडौं
फोन नं.: ४५७०५८/४०५७०७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

अर्ले चलाउनेको नाति, पठै चलाउनको छोरा, सल्यान जिल्ला, सिद्धकुमास गा.पा. वडा नं. २ बस्ने यस बैंकको होरचौर शाखा कार्यालयको खातावाला बिरभान चलाउनेको मिति २०८१/११/०१ मा मृत्यु भएको मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती शोभी चलाउनेले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११५ बमोजिम निज निवेदक चाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी सानलेजर, हातीसार, काठमाडौं
फोन नं.: ४५७०५८/४०५७०७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

हर्क देव न्यौपानेको नाति, देवी प्रसाद न्यौपानेको छोरा, चितवन जिल्ला, पंचकन्या गा.वि.स. वडा नं. ८ (हाल चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १२) बस्ने मेघनाथ न्यौपाने (ना.प्र.नं. ३३२४, जि.प्र.का. चितवन) ले यस बैंकको ठाठी शाखामा बचत खाता संचालन गर्दै आउनु भएकोमा निज खातावाला मेघनाथ न्यौपानेको मिति २०८१/